**कार्यपालिका बैठक संख्या नं. ५६ स्थानः नगरपालिका भवन मिति २०८२/०७/१९ गते**

**विहानः १२:०५**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण तथा स्वीकृति सम्बन्धमा।
३. श्रीनगर बसपार्कको बोलपत्र स्वीकृत सम्बन्धमा।
४. नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा।
५. लाखुमारे मोटर बाटो निर्माणको भुक्तानी सम्बन्धमा।
६. वडा कार्यालय भवनको Varriation Order सम्बन्धमा।
७. राजश्व परामर्श कार्यदलको प्रतिवेदन सम्बन्धमा।
८. व्यवसायिक मौरी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन सम्बन्धमा।
९. स्थानीय बालअधिकार समिति गठन सम्बन्धमा।
१०. ढुंगा गिट्टी बालुवाको प्रयोग सम्बन्धमा।
११. आ. व. ०८२/८३ र ०८३/८४ को मेला महोत्सव सञ्चालनको लागि प्रस्ताव स्वीकृत सम्बन्धमा।
१२. बाल कल्याण अधिकारीको जिम्मेवारी तोक्ने सम्बन्धमा।
१३. मतदान केन्द्र हेरफेर सम्बन्धमा।
१४. नगर बस सञ्चालन सम्बन्धमा।
१५. सार्वजनिक सुनुवाई सम्बन्धमा।
१६. भुक्तानी/फरफारक अनुमोदन सम्बन्धमा।
१७. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको विभिन्न बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(१) स्वयम् सेवक परिचालन निर्देशिका, २०८२
(२) छात्रवृत्ति वितरण निर्देशिका, २०८२
(३) अति विपन्न तथा अभिभावक विहीन बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०८२
(४) नगर बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि२०८२ ,
(५) घर बहाल कर व्यवस्थापन कार्यविधि, २०८२
(६) कार्य सञ्चालन निर्देशिका, २०८१ (संसोधन २०८२)
(७) आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१(संसोधन २०८२)
(८) बसपार्क व्यवस्थापन कार्यविधि, २०८२ (संसोधन २०८२)
(९) उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२
(१०) लैङ्गिक हिंसा निवारण कोष २०८२ ,कार्यविधि (सञ्चालन)
(११) बाल कोष सञ्चालन कार्यविधि, २०८२

तपसीलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधेयक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

१. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**निर्णय नं. ३**

यस नगरपालिकाको श्रीनगर बसपार्क सञ्चालन तथा व्यवस्थापन राजश्व ठेक्का (SMO/NCB/REV/03/082/83) का लागि आव्हान गरिएको ई बोलपत्र अनुसार पेश हुन आएका तपसील बमोजिमका बोलपत्रदाताहरु मध्य मूल्यांकन समितिले पेश गरेको सिफारिश तथा प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको टिप्पणीका आधारमा सबै भन्दा बढी राजश्व रकम कबोल गर्ने **श्री जय बागेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स**को प्रस्ताव सार्वजनिक खरीद ऐन, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरीद नियमावली, २०६४ तथा प्रचलित कानूनको अधिनमा रही स्वीकृत गर्ने निर्णय गरियो ।

| सि. न. | बोलपत्रदाताको नाम | कबोल राजश्व रकम | कैफियत |
|---|---|---|---|
| १ | रियान्स निर्माण सेवा | ४४,५०,०००/- (चवालिस लाख पचास हजार मात्र) | दोस्रो |

कार्यपालिका बैठक २०८२ कार्तिक १९ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | जय बागेश्वरी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४६,११,१११/- (छयालिस लाख एघार हजार एक सय एघार मात्र) | स्वीकृत |
| ३ | ए. बि. एस. निर्माण सेवा | ३५,३८,६००/- (पैतिस लाख अडतिस हजार छ सय मात्र) | तेस्रो |

**निर्णय नं. ४**

कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/०६/३१ गते प्रकाशित सूचना अनुसार पालिकाको ३० प्रतिशत साझेदारी सहित तपसीलको कार्यक्रम प्रस्ताव गर्ने निर्णय गरियो।

तपसीलः

(क) सूचना प्रविधि वा डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा प्रवाह

**निर्णय नं. ५**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लाखुमारे मोटर बाटो नगरपालिकाको आफ्नै स्काभेटर मेसीन प्रयोग गरी निर्माण गरेकोले सो बाटोको कार्यसम्पन्न प्रतिवेदन अनुसार हुन आउने लागत रकम रु. १३,०५,११२।८७ (अक्षरुपी तेह्र लाख पाँच हजार एक सय बाह्र पैसा सतासी) पालिकाको खर्च खाताबाट राजश्व खातामा आम्दानीका रुपमा खर्च लेखन गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो। साथै सो बाटोको कटान गर्दा खपत भएको ईन्धन ३८५९.९८ लिटर बापतको रकम रु ५,५५,८३७/- (अक्षेरुपी पाँच लाख पचपन्न हजार आठ सय सैतिश मात्र) यसै बैठकबाट अनुमोदन गरियो।

**निर्णय नं. ६**

शारदा नगरपालिकाको ठेक्का नं. SMO/NCB/W/01/2081/82: **वडा नं ३, १० र १४ को भवन निर्माण** कार्य गर्नको लागि मिति २०८१ मंसीर १६ गते श्री BHM Construction संग रकम रु १,०६,३७,४१५।८० (अक्षरुपी एक करोड छ लाख  सैतिस हजार चार सय पन्द्र पैसा असी मात्र- भ्याट र पि. एस. सहीत) सम्झौता भई काम अघि बढाइएकोमा काम गर्ने क्रममा लागत अनुमान भन्दा निर्माण कार्यमा मुख्य गरी बिभिन्न ठाउँमा पर्खाल, ग्रीलको काम तथा आरसीसी र पिसिसिको काममा थपघट गर्नुपर्ने भएको र जुन कुरा शुरु लागत अनुमानमा घटी हुने भएकोले उक्त निर्माण कार्य घटाउँदा सम्झौता रकम भन्दा भ्याट र पि एस बाहेक ६.२१ प्रतिशत रकम रु. ५,७६,१८५।७४ (पाँच लाख छयात्तर हजार एक सय पचासी पैसा चवत्तर मात्र) घटन जाने भएकोले अन्तिम भुक्तानीग्राही विवरण प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख हुँदै पेश हुन आएको टिप्पणी प्रतिवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा शारदा सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२७ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक करका दरहरुमा जनगुनासो प्राप्त भएपछि कार्यपालिका सदस्य श्री प्राण कुमार राईको संयोजकत्वमा गठित कार्यदलले गाउँ बस्तीबाट प्राप्त सुझावका आधारमा प्रतिवेदन तयार गरी आगामी नगर सभाको १८औं अधिवेशनमा पेश गर्ने गरी आर्थिक ऐन, २०८२ मा संसोधन गर्ने प्रस्ताव तयार गर्न राजश्व परामर्श समितिलाई अख्तियारी दिने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८**

आर्थिक वर्ष २०८२/०८३ मा संघीय सशर्त वित्तीय हस्तान्तरित व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम तपसिलको कार्यक्रम कार्यान्वयन सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

प्रमुख प्रशासकीय अधिकृत — संयोजक
कृषि विकास कार्यालय, सल्यानको बाली संरक्षण शाखा प्रमुख — सदस्य
कृषि विकास शाखा प्रमुख — सदस्य-सचिव

**निर्णय नं. ९**

बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यविधि, २०८१ को दफा १९ अनुसार तपसील अनुसारको स्थानीय बाल अधिकार समितिको गठन गर्नर् निर्णय गरियो।

नगर प्रमुख -संरक्षक
(क) नगर उपप्रमुख –संयोजक
(ख) स्थानीय तहले तोकेका महिलासहित कम्तीमा २ जना वडा सदस्य –सदस्य
(ग) क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट कम्तीमा २ जना –सदस्य
(घ) सूचीकृत समाजसेवी र बाल मनोविज्ञ १/१ जना –सदस्य
(ङ) क्षेत्रभित्रका चिकित्सक र मनोचिकित्सकहरू मध्येबाट १ जना –सदस्य
(च) स्थानीय कार्यपालिकाका बालबालिका÷शिक्षा÷जनस्वास्थ्य शाखा अध्यक्ष ३ जना–सदस्य
(छ) स्थानीय बाल सञ्जालले तोकेका बालिकासहित २ जना बालप्रतिनिधि –सदस्य
(ङ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी १ जना –सदस्य
(च) बाल अधिकार, संरक्षण, कल्याण, बालन्यायको कार्यानुभवी व्यक्ति वा संस्था मध्येबाट स्थानीय तहले मनोनयन गरेका कम्तीमा १ जना महिलासहित ३ जना –सदस्य
(छ) बाल कल्याण अधिकारी –सदस्य–सचिव

**निर्णय नं. १०**

नदीजन्य पदार्थको उत्खननन्, भण्डारण तथा विक्री वितरणको लागि आवश्यक संक्षिप्त वातावरणीय प्रतिवेदन निर्माण कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र यस नगर क्षेत्रमा नागरिकको घरायसी प्रयोजन तथा विकास निर्माणका लागि शारदा नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको शारदा नदी लगायत अन्य खोलाहरुबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खननन् तथा विक्री वितरणको कार्य सम्बन्धित् वडाहरुले नियमानुसार राजश्व लिइ ढुङ्गा, गिट्टी, बालुवा ओसार पसार तथा प्रयोग गर्न गराउनु हुन जानकारीको लागि सरोकारवालाहरु सवैका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो।

कार्यपालिका बैठक २०८२ कार्तिक १९ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११**

मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८२ को दफा ४ (२) बमोजिम आर्थिक वर्ष २०८२/८३ र २०८३/८४ को लागि यस शारदा नगरपालिका क्षेत्रमा मेला महोत्सव सञ्चालन गर्न एक मात्र प्रस्तावक सल्यान उद्योग वाणिज्य संघलाई कानूनले तोकेको राजश्व लिई अनुमति दिने निर्णण गरियो ।

**निर्णय नं. १२**

बाल अधिकार ऐन, २०७५ को दफा ६१ अनुसार महिला तथा बालबालिका शाखाको वरिष्ठ महिला विकास निरीक्षक पदमा कार्यरत श्री शोभा कुमारी कार्कीलाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

जिल्ला निर्वाचन कार्यालयको पत्र संख्या २०८१/०८२ चलानी नं. ४४, मिति २०८२/०७/१३ गतेको मतदान स्थल पुनरावलोकन सम्बन्धी पत्रका सम्बन्धमा छलफल गर्दा शारदा नगरपालिकाको वडा नं. १४ स्थित वडा कार्यालय भवन ठाराढुङ्गामा मतदान केन्द्र रहेकोमा हाल उक्त वडा कार्यालय भवन नव निर्मित भवनमा स्थानान्तरण भएकोले साविककै स्थानलाई मतदान केन्द्र कायम गर्नको लागि तपसील अनुसारको विवरण लेखी जिल्ला निर्वाचन अनुरोध निर्णय गरियो ।

**<u>तपसिल</u>**

| क्र.स. | साविकको मतदान स्थलको नाम | कायम हुनुपर्ने मतदान स्थल नाम |
|---|---|---|
| १ | वडा कार्यालय भवन, ठाराढुङ्गा, | पुरानो वडा कार्यालय भवन, ठाराढुङ्गा |

**निर्णय नं. १४**

शारदा नगरबासीको यातायात सेवालाई ध्यानमा राखी गत आर्थिक वर्षमा खरीद गरिएको एक मात्र नगर बसलाई तपसील अनुसारको रुटमा सञ्चालन तथा सहुलियत दिने निर्णय गरियो ।

तपसीलः

१. प्रत्येक आइतवार देखि शुक्रबार विहान ९ बजे श्रीनगर बसपार्क देखि खलंगासम्म
२. प्रत्येक आइतवार दिउँसो ३ बजे श्रीनगर बसपार्क देखि मालनेटासम्म र सोमवार विहान ७ बजे मालनेटा देखि श्रीनगर बसपार्कसम्म
३. प्रत्येक सोमवार दिउँसो ३ बजे श्रीनगर बसपार्क देखि सालचौरसम्म र मंगलवार विहान ७ बजे सालचौर देखि श्रीनगर बसपार्कसम्म
४. प्रत्येक मंगरवार दिउँसो ३ बजे श्रीनगर बसपार्क देखि ओख्रेनीसम्म र बुधवार विहान ७ बजे ओख्रेनी देखि श्रीनगर बसपार्कसम्म
५. प्रत्येक बुधवार दिउँसो ३ बजे श्रीनगर बसपार्क देखि हिवल्चासम्म र विहीवार विहान ७ बजे हिवल्चा देखि श्रीनगर बसपार्कसम्म
६. प्रत्येक विहीवार दिउँसो ३ बजे श्रीनगर बसपार्क देखि स्यानीखालसम्म र शुक्रवार विहान ७ बजे स्यानीखाल देखि श्रीनगर बसपार्कसम्म

कार्यपालिका बैठक २०८२ कार्तिक १९ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

७. प्रत्येक शुक्रवार दिउँसो ३ बजे श्रीनगर बसपार्क देखि सापमारासम्म र शनिवार विहान ७ बजे सापमारा देखि श्रीनगर बसपार्कसम्म

८. प्रत्येक शनिवार दिउँसो २ बजे श्रीनगर देखि खलंगा, दिउँसो ४ बजे खलंगा देखि श्रीनगर र साँझ ६ बजे श्रीनगर देखि खलंगा।

**निर्णय नं. १५**

आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाई मिति २०८२ मंसीर १ गते बसपार्क चौक खलंगामा आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. १६**

यस आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) को अनुमोदन गर्ने निर्णय गरियो। जसमा चालु तर्फ रु. ९,८२,४७,१३८।१५ (१८.५७ प्रतिशत) पूँजीगत तर्फ रु. ० र समग्रमा ९,८२,४७,१३८।१५ (१८.५७ प्रतिशत) रहेको छ।

**निर्णय नं. १७**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो।

(क) नेपाल नगरपालिका संघको मिति २०८२ कार्तिक १९ गतेको पत्रानुसार जनप्रतिनिधिहरुको नगरस्तरीय समावेशी सरसफाई (CWIS) र दिसाजन्य लेदो व्यवस्थापन (FMS) सम्बन्धी क्षमता विकास र अन्य देशमा भैरहेको कार्य, पद्धति तथा नीति नियम लगायतका विषयमा आपसी सिकाई र अनुभव आदान प्रदान (Peer to Peer Learning) कार्यक्रम अनुसार ८-१२ डिसेम्बर २०२५ मा थाईल्याण्डको बैंककमा "IWA Water and Development Congress & Exhibition" कार्यक्रममा यस नगरपालिकाबाट नगर प्रमुख श्री प्रकाश भण्डारीलाई मनोनयन गर्ने।

(ख) सम्मानित श्री सूचना आयोगमा निवेदक श्री तारा देवी दुबले यस शारदा नगरपालिकाको कार्यालय खलंगा, सल्यानलाई विपक्षी बनाई दायर भएको मुद्दा नम्बर १७३ मुद्दामा यस शारदा नगरपालिकाको कार्यालय, नगरकार्यपालिकाको कार्यालयको तर्फबाट उक्त मुद्दामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न, कानूनी राय सल्लाह लिन र कानून व्यवसायी नियुक्ति गरी निजहरुको विल बमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

(ग) पूर्वाधार विकास कार्यालय सल्यानको मिति २०८१/१२/३१ को पत्र साथ शारदा नगरपालिका वार्ड नं १० अन्तर्गत रहेको भंगारचौर-ठूलाखोला-जलुके-जर्खु (६.०१५ कि. मि.) र तेरागाउँ- बलेखर्क (३.७४१ कि. मि.) सडक खण्डको प्राप्त प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (ToR) वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम स्वीकृत गर्ने।

(घ) यस नगरपालिकासंग रहेको स्काभेटर तथा बसलाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थित गर्न एक/एक जना सहयोगी कर्मचारी ज्यालादारीमा राख्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने।

(ङ) आर्थिक वर्ष २०८१/८२ को पत्राकारिता पुरस्कार पुरस्कार सिफारिश समितिको सिफारिशमा सञ्चारकर्मी श्री वुद्धिमान पुनलाई प्रदान गर्ने।

कार्यपालिका बैठक २०८२ कार्तिक १९ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत